आ.व. २०७४/०७५ को लागि जिल्लाको बार्षिक योजना तथा कार्यक्रम तर्जुमाको गर्न
गा.वि.स., न.पा., विषयगत कार्यालय र गै.स.स.को लागि

**मार्गदर्शन र बजेट सिलिङ्ग**

# पूर्व योजना तर्जुमा गोष्ठी

मिति २०७३ मंसिर १४

तयार गर्ने

जिल्ला विकास समितिको कार्यालय, उदयपुर

# गा.वि.स., नगरपालिका र विषयगत कार्यालयहरुलाई आ.व.२०७४/०७५ का लागि जिल्ला विकास समिति उदयपुरको मार्गदर्शन र बजेट सिलिङ्ग

## क) बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन :

### गाउँ विकास समिति, नगरपालिका र विषयगत निकायको हकमा :

१. वार्षिक कार्यक्रम तर्जुमाका क्रममा राष्ट्रिय योजना आयोगले तयार गरेको नेपाल सरकारको तेह्रौं योजनाको उद्देश्य परिपूर्ति हुने गरी गरिवी न्यूनीकरणमा सहयोग पुऱ्याउने, रोजगारी सृजना गर्ने, कम समयमा सम्पन्न भई बढी प्रतिफल प्रदान गर्ने, कम लगानीमा बढी जनसंख्या लाभान्वित हुने जस्ता कार्यक्रमहरु सञ्चालनमा जोड दिनुपर्नेछ ।

२. स्थानीय निकायले सहकार्य गरी संयुक्त लगानीमा सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमहरुका लागि आवश्यक पर्ने सम्झौता बमोजिमका साझेदारी वा लागत सहभागिता रकम समपुरक कोष (Matching Fund) र लक्षित वर्गका कार्यक्रमलाई आवश्यक बजेट छुट्याई बाँकी रहेको रकमबाट आर्थिक, सामाजिक, भौतिक पूर्वाधार विकास र प्रर्वद्धनात्मक लगानीको क्षेत्रमा कार्यविधिले निर्दिष्ट गरे बमोजिम रकम विनियोजन गर्नुपर्नेछ ।

३. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ले तोकेको आधार र प्रक्रियाभित्र रही कूल नि:शर्त पूँजिगत बजेटलाई देहाय बमोजिम योजना तथा कार्यक्रमहरुमा अनिवार्य बजेट विनियोजन गर्नुपर्नेछ ।

   क) सबै जातजातीका विपन्न वर्गका महिलाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने आयोजना/कार्यक्रमहरुको लागि कम्तीमा १० % (प्रतिशत)

   ख) सबै जातजातीका विपन्न वर्गका वालवालिकाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने आयोजना/कार्यक्रमहरुको लागि कम्तीमा १५% (प्रतिशत)

   ग) सबै जातजातीका आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्ग (जेष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुस्लिम, युवा तथा पिछडिएका समुदाय) एवं क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएको वर्ग एवं समुदायलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम/आयोजनाका लागि कम्तीमा १५ % (प्रतिशत)

४. लक्षित वर्ग तर्फ सवै जातजातिका विपन्न वर्गका महिलाहरुको लागि कम्तिमा १०%, सवै जातजातिका विपन्न वर्गका वालवालिकाको लागि कम्तिमा १५% र सवै जातजातिका विपन्न वर्ग, आदिवासी जनजाती, दलित, मधेशी, मुस्लिम तथा पिछडावर्गको लागि कम्तीमा १५% रकम रकम अनिवार्य रुपमा विनियोजन गर्नुपर्नेछ ।

५. लक्षित वर्गका लागि बजेट विनियोजन गर्दा एकमुष्ट (अबण्डा) नराखी अनिवार्य रुपमा कार्यक्रमहरु तय गरी विनियोजन गर्नुपर्नेछ । साथै सम्बन्धित लक्षित वर्गका समुदायहरुलाई अनिवार्य रुपमा समावेश गराउनुपर्नेछ ।

६. लक्षित तर्फका कार्यक्रम तर्जुमा गर्दा सम्वन्धित लक्षित वर्गका सरोकारवालाहरुसँग व्यापक छलफल र समन्वय गरी प्राप्त राय बमोजिम गर्नुपर्नेछ ।

७. खेलकूद विकास, विपद् व्यवस्थापनको क्षेत्रमा रकम विनियोजन गर्नुपर्नेछ ।

८. खुल्ला दिशामुक्त (ODF) घोषण भई सकेका गाविस वा नगरपालिकाले त्यसको निरन्तरता र दिगोपनाको लागि अनिवार्य रुपले वजेट विनियोजन गर्नु पर्नेछ ।

९. गाविसको संस्थागत क्षमता विकासका लागि आवश्यकता अनुसार रकम विनियोजन गर्न प्राथमिकता दिनुपर्नेछ ।

१०. भौतिक पूर्वाधार तर्फका योजनाहरु छनौट गर्दा क्रमागत योजनाहरु र तत्काल प्रत्यक्ष फाईदा पुऱ्याउने र एक आर्थिक वर्षमा सम्पन्न हुने खालका आयोजनाहरुको कार्यान्वयनका लागि प्राथमिकता दिनुपर्नेछ ।

११. सडक निर्माण गर्दा जिल्ला यातायात गुरुयोजना (DTMP) लाई आधार लिई उक्त गुरुयोजनामा उल्लिखित सडकहरुलाई प्राथमिकताको आधारमा सडकहरुको निर्माण, ममर्त सुधार तथा स्तरोन्ती गर्नुपर्ने ।

१२. जिल्ला सडक संञ्जाललाई वाह्रै महिना सुचारु गर्नको लागि आगामी आ.व. मा स्थानीय स्तरका सडक पुलहरुको निर्माण कार्यलाई प्राथमिकता दिने । साथै, पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भएका सडकपुलहरुको विस्तृत सर्भेक्षण, डिजाईन गर्न पहल गर्ने ।

१३. जिल्ला भित्र Track Opening भई सकेका District Road Class "A" अर्न्तगतका सडकहरुको नियमित, आकस्मिक र आवधिक मर्मत सम्भार कार्यमा जोड दिने । जसको लागि गा.वि.स., न.पा. तथा जि.वि.स.को लागतमा मर्मत सम्भार कोषमा सबै योजना तथा कार्यक्रमबाट केहि प्रतिशत रकम जम्मा गरी नियमित मर्मत सम्भारको कार्य गर्नुपर्ने ।

१४. पहिले बनिसकेका संरचनाहरु (सडक, खानेपानी, सिंचाई, भवन आदि) नष्ट गर्ने वा विगार्ने गरी नयाँ योजना/कार्यक्रम प्रस्ताव वा कार्यान्वयन गर्न पाईने छैन ।

१५. गाविसहरुले भौतिक पूर्वधार तर्फका नयाँ योजनाहरु निर्माण पूर्व गरिने सर्भेक्षण कार्य गर्दा जिविसको पूर्व स्वीकृति अनिवार्य रुपमा लिनुपर्नेछ ।

१६. वार्षिक योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा पद्धती अवलम्वन गरी गर्नुपर्नेछ । गा.वि.स.ले योजना छनौट गर्दा कम लागतमा धेरैलाई फाईदा पुग्ने प्रकृतिका योजनालाई प्राथमिकता दिनुपर्नेछ ।

१७. स्थानीय श्रोत साधन तथा सीपबाट संचालन हुने खालको योजनामा जोड दिनुपर्नेछ ।

१८. उत्पादनमूलक तथा छिटो प्रतिफल दिने योजनाहरुलाई प्राथमिकतामा राख्नुपर्नेछ । वातावरण संरक्षण तथा सम्वर्द्धन गर्न सघाउन पुग्ने योजना लाई प्राथमिकतामा राख्नुपर्नेछ योजना तर्जुमा गर्दा स्थानीय जनताहरु बढी सहभागी हुने खालका योजनाहरुलाई प्राथमिकतामा राखी गर्नुपर्नेछ ।

१९. गाविस/न.पा.ले तर्जुमा गरेको आवधिक योजनालाई सघाउ पुग्ने खालका योजना तर्जुमा गर्नुपर्नेछ ।

२०. आयोजना छनौट गर्दा आर्थिक तथा सामाजिक दृष्टिकोणले पछाडी पारिएका तथा दलित, उत्पीडित जाती, आदिवासी, जनजाती, महिला, युवा अपाङ्ग तथा वालवालिकाको विकासको लागि प्राथमिकता दिई कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

२१. गा.वि.स.तथा न.पा.मा संचालन गरिने आयोजनाका सबै चक्रहरुमा महिला, दलित, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अपाङ्ग र पिछडिएको वर्ग एवं क्षेत्रको समानुपातिक र समावेशी सहभागिता सुनिश्चित गर्नुपर्नेछ ।

२२. पूँजिगत अनुदान तर्फको बजेटवाट संचालन अनुदान तर्फ रकमान्तर गरी कार्यक्रम संचालन गर्न पाईने छैन ।

२३. माथि उल्लेखित विषयहरुका अतिरिक्त स्थानीय स्वायत्त शासन ऐन, नियमावली तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ लाई आधार मानी योजना छनौट गर्नुपर्नेछ ।

२४. सहश्राब्दी विकास लक्ष्य पुरा गर्न सहयोग गर्ने खालका कार्यक्रम तर्जुमा गर्ने ।

२५. जिल्लाको ५ वर्षे आवधिक योजनाले लिएको उद्देश्य, लक्ष र कार्यक्रमलाई सघाउ पुग्ने खालका योजना छनौट गर्नुपर्नेछ ।

२६. महिला माथि हुने लैगिंक हिंसा, मानव बेचविखन तथा ओसारपसारका कार्यलाई निरुत्साहित गर्ने र वालवालिका माथि हुने हिंसालाई न्यूनिकरण गर्न सहयोगी हुने कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिई तर्जुमा गर्नुपर्नेछ ।

२७. योजना तर्जुमा गर्दा दुई वा सो भन्दा बढी गाविस तथा नगरपालिकाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने खालका भौतिक पूर्वाधार, सामाजिक लगायतका क्षेत्रका योजनाहरुलाई प्राथमिकता दिई सञ्चालन गर्नुपर्नेछ ।

२८. वडा तथा बस्ती स्तरमा योजना/आयोजनाहरु छनौट गर्दा नेपाल सरकारबाट प्राप्त हुने अनुदान, आन्तरिक स्रोत साधनबाट प्राप्त हुने रकम, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम र अन्य स्रोतबाट प्राप्त हुने भनी निश्चित भएको रकमबाट मात्र प्राथमिकता निर्धारण गरी कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

२९. योजना तर्जुमा गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ४३ को उपदफा (३) र (६) तथा दफा १११ को उपदफा ४ र ६ मा उल्लेख भएका कुराहरुका अतिरिक्त देहायका कुराहरुमा ध्यान दिई प्राथमिकीकरण गर्नुपर्नेछ ।

- स्थानीय लाभग्राहीहरुको मागमा आधारित, स्थानीय स्रोत साधनले धान्नसक्ने र दीगो प्रकृतिका योजनाहरुका साथै बढीभन्दा बढी स्थानीय सीप, साधन, प्रविधि प्रयोग गर्न सकिने, वातावरण मैत्री र जनसहभागिता तथा लागत सहभागितामा सञ्चालन गर्न सकिने योजनाहरु ।
- क्रमागत एवं अधुरा रहेका आयोजनाहरु तथा थोरै रकममा मर्मत गरी पुनः सञ्चालनमा ल्याउन सकिने योजना/आयोजनाहरु ।

- बजेटका आधारमा छनौट नगरी आवश्यकता तथा महत्वका आधारमा प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त योजनाहरु साथै DTMP, DSIMP लगायत वहुबर्षिय गुरुयोजनामा प्राथमिकता प्राप्त योजनाहरु ।
- कृषि तथा सिंचाई सम्बन्धी योजनाहरु ।
- सामाजिक र आर्थिक रुपले विपन्न वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने आयोजनाहरु ।
- सामाजिक, आर्थिक एवं भौतिक पूर्वाधार सम्बन्धी आयोजनाहरु ।
- महिला, दलित, आदिवासी/जनजाती, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, मधेशी, मुस्लिम, युवा एवं पिछडा वर्गको मूलप्रवाहीकरण, सशक्तिकरण तथा जीवनस्तर सुधारमा सघाउ पुऱ्याउने खालका योजनाहरु ।
- वालमैत्री स्थानीय शासनको अवधारणालाई सघाउ पुग्ने खालका आयोजनाहरु ।
- उपभोक्ता समिति र सामुदायिक संस्थाहरुद्वारा कार्यान्वयन, सञ्चालन र मर्मत संभार गर्न सकिने खालका योजनाहरु ।
- खानेपानी तथा सरसफाई (Post ODF) सम्बन्धी अभियानमूलक आयोजनाहरु ।
- चेतना अभिवृद्धि, सामाजिक परिचालन, संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी योजना/कार्यक्रमहरु ।
- वातावरण संरक्षण एवं नवीकरणीय उर्जा विकास सम्बन्धी योजना/कार्यक्रमहरु ।

३०. लैंगिक समानता र सामाजिक समावेशीकरणको नीति तथा रणनीतिलाई मूर्त रुप दिने गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गर्ने साथै लैंगिक परीक्षण गर्ने व्यवस्था मिलाउने ।

३१. गा.वि.स.तथा न.पा.मा कार्यरत विभिन्न विषयगत निकायहरु, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरुलाई पनि योजना तर्जुमाको छलफल तथा अन्तरक्रियामा सहभागी गराउने र उनीहरुबाट उपलब्ध हुने स्रोत साधनको उपलब्धता समेत एकिन गरी समन्वयात्मक रुपमा दोहोरो नपर्ने गरी लगानी साझेदारीको रुपमा कार्यक्रम छनौट गर्ने ।

३२. सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्ने कार्यलाई क्रमश: बैंकिङ प्रणालीमा आवद्ध गर्दै लैजाने ।

३३. असहाय, बृद्धबृद्धा नागरिकहरुको संरक्षणको लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थालाई वृद्धाश्रम, अनाथालय बनाई संचालन गर्ने कार्यक्रम वनाउन अभिप्रेरित गर्ने ।

३४. जिल्लाको सवै गाविस र न.पा.मा व्यक्तिगत घटना दर्तालाई अभियानको रुपमा सञ्चालन गर्नुपर्ने ।

३५. जिल्लामा घट्न सक्ने विपद्लाई समयमै रोकथाम गर्न, विपद्को घडीमा हुन सक्ने जनधनको क्षतिलाई न्यूनिकरण गर्न, उद्दारको कार्यलाई शिघ्र रुपमा सम्वोधन गर्ने खालका विपद् विरुद्धको प्रतिकार्य योजनाहरु वनाई आवश्यक्ता अनुरुप राहत एवं पुर्नस्थापनका कार्यक्रमहरु संचालन गर्न मद्दत गर्ने ।

३६. जिल्लाको सवै गाविस र नगरपालिकाहरुमा विपद् व्यवस्थापन कोषको स्थापना गरी गाविस/नपा स्तरीय योजना एवं कार्यक्रम वनाई कार्यान्वयन गर्ने ।

३७. स्थानीय निकायहरुबाट नागरिक सम्म पुऱ्याइने सेवा र सुविधाहरुलाई छिटो छरितो, पारदर्शी र गुणस्तरीय वनाउन एवं स्थानीय निकायको संस्थागत क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने प्रवन्ध मिलाउनुपर्ने ।

३८. उपभोक्ता समिति मार्फत संचालन भएका योजना/कार्यक्रमहरुको गुणस्तर सुनिश्चित गर्न र दिगोपना प्राप्त गर्न उपभोक्ता समितिलाई जिम्मेवार बनाउने नीतिलिने र उपभोक्ता समितिको काम कारवाहीलाई पारदर्शी र प्रभावकारी वनाउन सार्वजनिक सुनुवाईको व्यवस्थालाई अझ प्रभावकारी बनाउँदै लैजानुपर्ने ।

३९. जिल्लामा विकास निर्माण लगायत, आर्थिक एवं सामाजिक विकासको क्षेत्रमा गरिएको लगानीले सामाजिक जीवनको विभिन्न क्षेत्रमा पारेको प्रभावलाई सामाजिक परीक्षणको माध्यमवाट गरिने मूल्याङ्कनलाई अझ प्रभावकारी बनाउँदै लैजानुपर्ने ।

४०. चालु बजेट तर्फ तलब, भत्ता लगायत शिर्षकमा पर्याप्त बजेट छुट्टयाएर मात्र अन्य शीर्षकमा बजेट प्रस्ताव गर्नुपर्नेछ ।

## विषयगत निकाय र गै.स.स.को हकमा :

**स्वास्थ्य तर्फ**

१. प्रत्येक नागरिकलाई प्राथमिक स्वास्थ्य सेवा निशुल्क रुपमा प्रदान गरिने कार्यलाई अझ प्रभावकारी अझ प्रभावकारी बनाउनुपर्ने ।
२. गरीव तथा दुर्गम एवं पछाडि परेका क्षेत्रका जनतालाई स्वास्थ्य सम्बन्धी आधारभूत जानकारी दिन हेलो स्वास्थ्य जस्ता कार्यक्रमलाई विस्तार गर्दै लैजाने ।
३. जिल्लामा संचालित स्वास्थ्य केन्द्रहरुको स्तर बृद्धि, दक्ष जनशक्तिको आपूर्ति, भौतिक पूर्वाधार सुधार सहित सेवामा गुणस्तरीयता र सहज पहुँच कायम गर्नको लागि सम्बन्धित कार्यालय एवं संघसंस्थाहरुबाट कार्यक्रम बनाई समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।
४. सुरक्षित प्रसूती सेवा तथा सुरक्षित गर्भपतन गर्ने कार्यलाई सुदृढ गर्न स्थानीय निकाय र सम्वन्धित गैर सरकारी संस्थाहरुसंग सहकार्य गरी Birthing Centre हरुको विस्तार गर्ने ।
५. सबै स्वास्थ्य संस्थाहरुमा समुदायमा आधारित नवशिशु सेवा कार्यक्रम सचालन गरी नवजात शिशु मृत्युदरमा कमी ल्याइनुको साथै वालवालिकाहरुलाई विभिन्न रोगहरुको विरुद्ध पूर्ण खोपको कार्यक्रम संचालन गर्ने ।
६. दुर्गम क्षेत्रमा दरवन्दीमा रहेका स्वास्थ्यकर्मीहरुलाई सेवा क्षेत्रमा काम गर्नको लागि प्रोत्साहित गर्ने ।

**खानेपानी तथा सरसफाई तर्फ**

१. खानेपानी तथा पूर्ण सरसफाई (Post ODF) सम्बन्धी कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गर्दै लैजाने । साथै, निर्माण सम्पन्न भई संचालनमा रहेका खानेपानी आयोजनाहरुको गुणस्तर सुधार गर्न खानेपानी सुरक्षा योजना (Water Safety Plan) तर्जुमा गरी कार्यान्वयन गर्ने ।
२. सन २०१७ सम्ममा **"सवैका लागि खानेपानी र सरसफाई"** भन्ने राष्ट्रिय लक्ष्य प्राप्तीमा सहयोग पुग्ने गरी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा मद्दत गर्ने ।
३. खानेपानी योजना सञ्चालनमा आई उपभोक्ता समितिलाई हस्तान्तरण गरिसकेको तर पुरानो भई स्वच्छ खानेपानीमा आपूर्तिको समस्या भएको योजनाको छनौट गरी तत्काल मर्मत गर्न विशेष ध्यान दिईनेछ ।

**कृषि तथा पशु विकास कार्यक्रम तर्फ**

१. कृषि विकास तथा पशु सेवा कार्यालयहरु मार्फत संगठित कृषक समूह तथा अन्य क्षेत्र वा निकायहरुबाट निर्माण भएका कृषक समूहहरु समेतको समन्वयमा कृषि प्रसार तथा पशु सेवा प्रसारका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरी कृषकहरुलाई उपलब्ध गराउने सेवा प्रवाह कार्यलाई अझ प्रभावकारी बनाउने ।
२. कृषि उत्पादनको वृद्धि तथा सहज बजारीकरणको लागि बजार तथा मूल्य श्रृंखलाका विभिन्न सरोकारवाला पक्षहरुसँग छलफल गरी त्यसको निष्कर्षको आधारमा मूल्य अभिवृद्धिका कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने ।
३. एक गाउँ एक उत्पादन कार्यक्रमलाई अगाडि बढाउन विशेष कार्यक्रम सञ्चालनमा पहल गर्नुपर्ने ।
४. जिल्ला भौगोलिक सम्भाव्यता र स्थान सुहाउँदो फलफुल तथा अन्य बालीहरुको उत्पादनमा जोड दिनुपर्ने
५. कृषकहरुलाई आवश्यक जनचेतना वृद्धि गर्न स्थानीय निकायसँग समन्वय गरी घुम्ती तालीम गोष्ठिको सञ्चालन गर्ने र वीउ विजन एवम् माटो परीक्षण सम्बन्धी विशेष जानकारी गराउने ।
६. कृषि कार्यमा महिलाको प्रमुख भूमिका हुने भएकाले महिला संलग्नतालाई बढावा दिन महिला कृषक समूह मार्फत कार्यक्रम संचालन गर्नुपर्ने ।
७. दुध तथा दुग्ध जन्य पदार्थको उत्पादनलाई व्यवशायिक र प्रतिस्प्रधी बनाउँदै ग्रामीण क्षेत्रमा दुध उत्पादन तथा उत्पादकत्व बढाउन प्रोत्साहन गर्नुपर्ने ।
८. समय-समयमा पशुमा लाग्ने विभिन्न रोगहरुको रोकथामको लागि भ्याक्सीनेशन कार्यक्रम सञ्चालन जिल्ला पशुसेवा कार्यालय र त्यस अन्तर्गतका पशुसेवा कार्यालय मार्फत कार्य तालिका वनाई सञ्चालन गर्नुपर्ने ।

**सिंचाई विकासतर्फ**

१. कृषि उत्पादनमा टेवा पुर्‍याउनका लागि बाली उत्पादनका सम्भाव्य क्षेत्रहरुमा ठूला तथा मझौला (MIS) सिंचाई आयोजनाहरु निर्माणको कार्यक्रमलाई जोड दिनुपर्ने । साथै, कृषक व्यवस्थित सिंचाई प्रणाली (Farmer Managed Irrigation System-FMIS) को माध्यमवाट खेती योग्य जमिनलाई वाह्रै महिना सिंचित गर्न कृषकहरुवाट मागमा आधारित योजनाहरुको छनौट एवं कार्यान्वयनमा जोड दिने ।

२. कृषक समूहलाई फाइदा पुग्ने गरी साना सिंचाई आयोजनाहरुको निर्माणमा प्राथमिकता दिनुपर्ने ।
३. समुदाय व्यवस्थित सिंचाई कृषि क्षेत्रगत आयोजना (CMIASP-AF) कार्यक्रम अर्न्तगत सिंचाई आयोजनाहरुको मर्मत-सम्भार तथा जिर्णोद्धार गर्ने कार्यलाई प्राथमिकता दिने । साथै, कृषि उत्पादन वढाउन खासगरी तरकारी र फलफूल खेतीलाई सहयोग पुग्ने गरी सिंचाई गर्न नयाँ प्रविधिमा आधारित सिंचाई (Non-Conventional Irrigation Technology Project-NITP) पद्दतिको विस्तार गर्नुपर्ने ।

**वन तथा वातावरण**

१. वन क्षेत्रको संरक्षण एवं दीगो व्यवस्थापन गर्नुपर्ने ।
२. गैर काष्ठ वन पैदावार र जडिबुटी खेतिलाई प्रवर्धन गर्दै यसका माध्यमबाट विपन्न जनताको आय आर्जन वृद्धि गर्ने नीति अवलम्वन गर्नुपर्ने ।
३. चुरे-तराई मधेश जलाधार क्षेत्रको एकीकृत संरक्षण तथा व्यवस्थापन मार्फत जल तथा भूमिको व्यवस्थापन, संरक्षण गर्नुको साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादनमा सहयोग पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
४. वनजन्य उद्यमको प्रवर्द्धन, उत्पादनको विविधिकरण र वजारीकरण मार्फत मूल्य अभिवृद्धि र हरित रोजगारी सिर्जना गर्न निजी क्षेत्र आर्कषित गरी कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

**भू-संरक्षण तर्फ**

१. जिल्लाको भौगोलिक अवस्थितिलाई ध्यान दिदैं वर्षेनी हुने बाढी, पहिरो, जस्ता प्रकोप नियन्त्रण व्यवस्थापनका लागि तटबन्ध निर्माण, नदि नियन्त्रण, वृक्षारोपण तथा Bio-Engineering सम्बन्धी अन्य कार्यक्रमहरु विभिन्न सरकारी एवं गैर सरकारी संघ संस्थाहरु सँगको समन्वय र साझेदारीमा अगाडी बढाउनुपर्नेछ ।
२. राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई सहयोग पुग्ने खालका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्नुपर्ने ।
३. जलाधार संरक्षण र व्यवस्थापनमा सहयोग पुग्ने खालका पोखरी, ताल-तलैया, पानीको मुहानहरुको संरक्षण हुने कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने । साथै, सिंचाई कुलोहरुको संरक्षण गर्ने र आयमूलक कार्यक्रम समेत संचालन गरी स्थानीय जनताको जिविकोपार्जनमा समेत टेवा पुऱ्याउन सहयोग गर्नुपर्ने ।

**पर्यटन तर्फ**

१. जिल्ला भित्रका प्रमुख पर्यटकीय स्थलहरुमा आन्तरिक र वाह्य पर्यटक आकर्षित हुने गरी प्रचार प्रसार एवं प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
२. धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा विभिन्न निकायबाट हुने निर्माण तथा संरक्षण कार्यकममा एकरुपता बनाउन प्रमुख पर्यटकीय क्षेत्रका लागि एकिकृत योजना तथा पर्यटन गुरुयोजना मार्फत निर्माण तथा अन्य कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

**महिला र वालबालिकातर्फ**

१. गाँउ वाल संरक्षण समिति र वाल क्लवका सदस्यहरुको क्षमता अभिवृद्धिमा सहयोग पुग्ने कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
२. जिल्ला वाल कल्याण समितिलाई वालवालिका सूचना केन्द्रको रुपमा विकास गर्दै वालश्रमिकहरुको एकीकृत तथ्यांक संकलन गरी उद्दार र पूर्नस्थापनाको कार्यलाई प्रभावकारी रुपमा संचालन गर्दै लैजानुपर्ने
३. महिला माथि हुने लैगिंक हिंसा र वालवालिका माथि हुने हिंसालाई न्यूनिकरण गर्न सहयोगी हुने कार्यक्रमहरु र वालविवाहलाई निरुत्साहित गर्नमा सहयोग पुग्ने खालका कार्यक्रमहरुको तर्जुमा गरी अभियानको रुपमा संचालन गर्नुपर्ने ।
४. महिला सहकारी मार्फत महिलाहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनुको साथै किशोरी शिक्षा, प्रजनन स्वास्थ, महिलाहरुको आय आर्जनमा सहयोगी हुने मागमा आधारित कार्यक्रमहरु महिला तथा वालवालिका कार्यालयवाट एकीकृत रुपमा समन्वय गरी सम्बन्धित निकाय एवं संघ संस्था मार्फत संचालन गर्ने व्यवस्था मिलाउनुपर्ने ।
५. महिला तथा वालवालिकाको वर्तमान “सामाजिक, आर्थिक” स्थितिमा सुधार ल्याउन ठोस योजना र कार्यक्रम वनाई (तत्कालीन/दीर्घकालीन) लागू गर्नुपर्ने ।

**लघु, घरेलु तथा साना उद्योग विकासतर्फ**

१. यूवा तथा स्वरोगजगारी बढाउन विभिन्न सीपमूलक तथा आयमूलक कार्यहरु संचालनमा जोड् दिनुपर्ने ।
२. स्थानीय स्तरमा उपलब्ध हुने श्रोत साधन, कच्चा तथा सीपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगको विकास विस्तार तथा प्रवर्द्धनमा जोड दिनुपर्ने ।
३. परम्परागत सीपको संरक्षण गर्दै नयाँ प्रविधिको प्रयोग मार्फत उद्यमीहरुको उत्पादकत्वमा अभिवृद्धि गर्न मेसिन औजार (उपयुक्त प्रविधि) हस्तान्तरणमा जोड दिनुपर्ने ।

**विधुत तथा उर्जा विकास तर्फ**

१. वन तथा वातावरण संरक्षणलाई विशेष जोड दिई ग्रामीण लघुजलविद्युत आयोजना एवं वैकल्पिक उर्जाको विकास र विस्तार गर्ने खालका योजनाहरु बनाई PPP (सार्वजनिक निजी साझेदारी) को अवधारणा अनुसार कार्यन्वयनको व्यवस्था मिलाउनुपर्ने ।
२. जिल्लाको ग्रामीण भेगमा लघु जलविद्युत सम्वन्धीको आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी आयोजनाहरु कार्यान्वयन गर्ने र सौर्य उर्जा प्रणाली मार्फत विद्युतको आपूर्तिलाई बढाउँदै जैविक उर्जा (सुधारिएको चुलो) सम्वन्धीका कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
३. सन २०१७ सम्ममा जिल्लालाई धुँवा मुक्त जिल्लाको रुपमा घोषणा गर्ने लक्ष्य प्राप्तीमा सहयोग पुग्ने किसिमका कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

**गै.स.स.तर्फ**

१. जिल्ला स्थित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुले आ-आफ्नो क्षेत्रमा कार्यक्रम संचालन गर्दा त्यस्तो कार्यक्रम संचालन गर्ने मुख्य सरकारी निकायसँग समन्वय गरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।
२. विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुले जिल्लामा गरेको गतिविधिहरुको जिविस र सम्वन्धित निकायको संयुक्त अनुगमन टोली गठन गरी अनुगमन गर्ने पद्दतिको विकास गरिनेछ ।
३. गै.स.स.हरुले आगामी आ.व.०७४/०७५ मा योजना तर्जुमा गर्दा बजेट सुनिश्चित वा सहयोगी निकाय सुनिश्चित भईसके पछि मात्र कार्यक्रमहरु छनौट गर्ने ।
४. राष्ट्रिय एवं जिल्ला विकासका प्राथमिकताका अतिरिक्त सम्वन्धित केन्द्रिय निकायहरुबाट प्राप्त निर्देशनहरुका आधारमा अन्य आयोजना/कार्यक्रमहरुका साथै विभिन्न क्षेत्रगत लक्षित कार्यक्रमहरु समेत तर्जुमा गर्ने ।
५. सवै गै.स.स.हरुले स्थानीय निकाय र सम्बन्धित क्षेत्रगत विषयगत निकायहरुसँगको समन्वयमा कार्यक्रमहरु तर्जुमा गर्ने ।
६. राष्ट्रिय नीति अनुरुप विषयगत कार्यालयले तय गरेको नीति तथा कार्यक्रमलाई गैससहरुले आ-आफ्नो क्षेत्र सम्बद्ध विषयतग कार्यालयहरुसंग समन्वय गरी कार्यक्रम तर्जुमा गर्दा दोहोरोपना नहुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।
७. सहश्राब्दी विकास लक्ष्य पुरा गर्न सहयोग गर्ने खालका कार्यक्रम तर्जुमा गर्ने ।
८. जिल्लाको ५ वर्षे आवधिक योजनाले लिएको उद्देश्य, लक्ष र कार्यक्रमलाई सघाउ पुग्नेखालका योजना छनौट गर्नुपर्नेछ ।

## ख) बजेट सिलिङ्ग :

क) राष्ट्रिय योजना आयोग तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट आगामी आ.व.२०७४/०७५ को लागि यस जिल्लाको ४० गा.वि.स.हरुलाई प्राप्त चालु र पूँजिगत गरी जम्मा रु.२२ करोड ३२ लाख ९३ हजारलाई देहाय अनुसार चालु र पूँजिगत गरी बाँडफाँड गरी पठाइएको छ । आगामी आ.व.मा अख्तियारी प्राप्त हुँदाका बखत अख्तियारी रकम थपघट भई आएमा सोही बमोजिम हुने व्यहोरा जानकारी गराईन्छ ।

**देहाय**

| सि.नं. | गा.वि.स.को नाम | चालु बजेट | पूँजिगत बजेट | जम्मा |
|---|---|---|---|---|
| १ | बलम्ता | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| २ | बाराहा | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| ३ | आँपटार | ५४५।०० | ४८८७।३० | ५४३२।३० |
| ४ | बर्रे | ५४५।०० | ४९५५।५० | ५५००।५० |
| ५ | बाँस्वोटे | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| ६ | भुट्टार | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| ७ | चौदण्डी | ५४५।०० | ४६७१।७० | ५२१६।७० |
| ८ | डुम्रे | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| ९ | हडिया | ५४५।०० | ८५३२।७० | ९०७७।७० |
| १० | हर्देनी | ५४५।०० | ४१३६।०० | ४६८१।०० |
| ११ | इनामे | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| १२ | जाल्या चिलाउने | ५४५।०० | ४५३५।३० | ५०८०।३० |
| १३ | जाँते | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| १४ | जोगिदह | ५४५।०० | ६७९१।४० | ७३३६।४० |
| १५ | कटुञ्जे ववला | ५४५।०० | ६७३३।१० | ७२७८।१० |
| १६ | खाँबु | ५४५।०० | ४९२८।०० | ५४७३।०० |
| १७ | लाफागाउँ | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| १८ | लेखानी | ५४५।०० | ४०९८।६० | ४६४३।६० |
| १९ | लेखगाउँ | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| २० | लिम्पाटार | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| २१ | मैनामैनी | ५४५।०० | ५७००।२० | ६२४५।२० |
| २२ | नामेटार | ५४५।०० | ३३६८।२० | ३९१३।२० |
| २३ | ओख्ले | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| २४ | पञ्चावती | ५४५।०० | ८४७७।७० | ९०२२।७० |
| २५ | पोखरी | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| २६ | रौता | ५४५।०० | ७२४१।३० | ७७८६।३० |
| २७ | रिस्कु | ५४५।०० | ७६०८।७० | ८१५३।७० |
| २८ | रुपाटार | ५४५।०० | ४२६३।६० | ४८०८।६० |
| २९ | साउने | ५४५।०० | ४२७१।३० | ४८१६।३० |
| ३० | सोरुङ्ग | ५४५।०० | ४४२८।६० | ४९७३।६० |
| ३१ | सिद्धिपुर | ५४५।०० | ४५४५।२० | ५०९०।२० |
| ३२ | सिरिसे | ५४५।०० | ४९८१।९० | ५५२६।९० |
| ३३ | सुन्दरपुर | ५४५।०० | ५८०३।०० | ६३४८।०० |

| सि.नं. | गा.वि.स.को नाम | चालु बजेट | पूँजिगत बजेट | जम्मा |
|---|---|---|---|---|
| ३४ | ताम्लिछा | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| ३५ | तपेश्वरी | ५४५।०० | ८५३२।७० | ९०७७।७० |
| ३६ | तावाश्री | ५४५।०० | ५८३२।२० | ६३७७।२० |
| ३७ | ठानागाउँ | ५४५।०० | ४०२८।२० | ४५७३।२० |
| ३८ | ठोक्सिला | ५४५।०० | ८५३२।७० | ९०७७।७० |
| ३९ | भलायडाडा | ५४५।०० | ८२७३।१० | ८८१८।१० |
| ४० | मयाँखु | ५४५।०० | ३३६८।२० | ३९१३।२० |
| जम्मा :- | | २१८००।०० | २०५८९३।६० | २२७६९३।०० |

ख) विषयगत कार्यालय, गै.स.स. र निजी क्षेत्रको हकमा आ–आफ्ना केन्द्रीय निकाय तथा दातृ संस्थाहरुबाट प्राप्त मार्गदर्शन/अनुमान विचार गरी बजेट सीमा कायम गर्ने र सोही बजेट सीमाभित्र रही आगामी आ.व.२०७४/०७५ को लागि आयोजना कार्यक्रम तर्जुमा गर्ने ।

नोट : राष्ट्रिय योजना आयोग तथा स्थानीय विकास मन्त्रालयबाट योजना तर्जुमा सम्बन्धमा थप मार्गदर्शन गाउँ परिषद् पूर्व प्राप्त भएमा पून : पठाईनेछ ।

## ग) आ.व.२०७४/०७५ को वार्षिक जिल्ला विकास योजना तर्जुमाको कार्यतालिक

**देहाय**

| सि.नं. | विषय | समय | सम्बन्धित संस्था |
|---|---|---|---|
| १ | गाविस परिषद् बैठक | २०७३ पौष मसान्त भित्र | गाविस |
| २ | इलाका स्तरीय योजना तर्जुमा गोष्ठि | २०७३ माघ दोश्रो हप्ता भित्र | गाविस, विषयगत निकाय, जिविस |
| ३ | विषयगत योजना तर्जुमा समितिका बैठकहरु | २०७३ फाल्गुन पहिलो हप्ता भित्र | जि.वि.स. |
| ४ | एकीकृत योजना तर्जुमा समितिको बैठक | २०७३ फाल्गुन दोश्रो हप्ता भित्र | जि.वि.स. |
| ५ | जि.वि.स.बैठक | २०७३ फाल्गुन तेश्रो हप्ता भित्र | जि.वि.स. |
| ६ | जि.वि.स.परिषद् बैठक | २०७३ फाल्गुन मसान्त भित्र | जि.वि.स. |

*नोट : प्रत्येक गाविसले २०७३ पौष ५ गतेभित्र गाविस स्तरीय एकिकृत योजना तर्जुमा समितिको बैठकबाट आगामी गाउँ परिषद मिति तयार गरी समितिको निर्णयको फोटोकपि संलग्न राखी जिल्ला विकास समितिको योजना शाखामा जानकारी गराउनुपर्नेछ ।*

**इलाका स्तरीय योजना तर्जुमा गोष्ठिको कार्यतालिका**

| इलाका न. | गोष्ठि हुने स्थान | गोष्ठि हुने मिति | गोष्ठि सञ्चालन सहभागी |
|---|---|---|---|
| १. | तपेश्वरी गाविस भवन | ०७३ माघ ४ | पछि तय गरिनेछ । |
| २. | बेल्टार न.पा. | ०७३ माघ ५ | |
| ३. | साउने गाविस भवन | ०७३ माघ ६ | |
| ४. | गाईघाट सिटि हल | ०७३ माघ ७ | |
| ५. | चिसापानी | ०७३ माघ ८ | |
| ६. | ताम्लिछा गाविस भवन | २०७३ माघ ७ | |

| | | | |
|---|---|---|---|
| ७. | रौता राजावास | २०७३ माघ ८ | |
| ८. | ओख्ले | २०७३ माघ ८ | |
| ९. | भलायाडाडा | २०७३ माघ १० | |
| १०. | क्टारी | २०७३ माघ ११ | |
| ११. | हर्देनी, गंहुवारी | २०७३ माघ ७ | |

## आ.व.२०७४/७५ को लागि जिल्ला विकास समिति, उदयपुरले लिएको गरिबमुखी नीति र योजना छनौटका आधारहरु

**१. आगामी आ.व.२०७४/०७५ को लागि जिल्ला विकास समितिले अवलम्वन गर्ने गरिबमुखी नीति देहाय अनुसार हुनेछ ।**

१. जिल्लामा पछाडी परेको क्षेत्र, वर्ग समूदाय लक्षित रुपान्तरणीय सामाजिक परिचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२. सिमान्तकृत तथा गरिव समूदायलाई लक्षित गरी आय आर्जन, रोजगार प्रवर्द्धन, सीप विकास तथा सामाजिक-आर्थिक सशक्तिकरण सम्वन्धिका कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा जोड दिईनेछ ।

३. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन निर्देशिका २०६९ ले निर्देशित गरे वमोजिम लक्षित कार्यक्रम संचालन गरी गरीवी न्यूनीकरणको राष्ट्रिय कार्यक्रमलाई प्रत्यक्ष योगदान पुऱ्याईनेछ ।

४. जिल्लामा क्रियाशील हुन आउने गै.स.स. तथा परियोजना अन्तर्गतका कार्यक्रमहरुलाई जिल्लाको गरिबी नक्साकंनमा पछि परेका गाविसहरु तर्फ लक्षित गर्न गराउन जोड दिईनेछ ।

५. उपरोक्तानुसारका नीतिहरुको माध्यमबाट जिल्लाको गरिवी न्यूनिकरण गर्न प्रयास गरिनेछ ।

**२. आगामी आ.व. २०७४/०७५ को लागि प्राथमिकतामा परेका क्षेत्रबाट योजना छनौटका आधारहरु**

१. सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाईदा हुने तथा रोजगार प्रवर्द्धन हुने र आयमूलक कार्यक्रमहरु

२. कृषि उत्पादन वृद्धि गर्न सघाउ पुग्ने कार्यक्रमहरु ।

३. स्थानीय साधन, सीप र क्षमताको परिचालनबाट संचालन हुन सक्ने कार्यक्रमहरु ।

४. पिछडिएको तथा उत्पीडित जाति, जनजाति एवं महिला र बालवालिकाको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु ।

५. दुर्गम तथा पिछडिएका समुदायलाई लक्षित गरी सञ्चालन गरिने पूर्वाधार विकासका कार्यक्रमहरु ।

६. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने कार्यक्रमहरु

७. गाउँका जनताको जीवनस्तर, आम्दानी र रोजगार बढाउने तथा गरीबी निवारणमा सहयोग पुऱ्याउने कार्यक्रमहरु

८. कम लागत तथा बढी जनसहभागितामा सञ्चालन हुने कार्यक्रमहरु

९. स्थानीय साधन, श्रोत तथा सीपबाट सञ्चालन हुने कार्यक्रमहरु

१०. वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने कार्यक्रमहरु ।

११. १३ औं आवधिक योजनाले लिएका उधेश्य, लक्ष र प्राथमिकता पूरा हुने खालका कार्यक्रमहरु ।

१२. जिल्लाको आवधिक योजनाले लिएका उद्देश्य, लक्ष र प्राथमिकतामा सहयोग पुऱ्याउने खालका आयोजना/कार्यक्रमहरु ।